स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र "आ बाट आमा-२"मा मलिका महत अनुबन्धित हुनुभएको छ। निर्माता तथा निर्देशक चन्द्र पन्तले आइतबार मलिकालाई चलचित्रको मुख्य भूमिकाका लागि अनुबन्धित गर्नुभएको हो। यस चलचित्रमा पल शाह आकाश श्रेष्ठ मुख्य भूमिका रहने जनाइएको छ। मलिकासहित रिश्ता गुरुङ र निकिता आचार्यलाई अनुबन्धित गरिएकाले कलाकारहरुको जोडीबारे दर्शकमाझ चासो बढेको छ।

**आजको विचार...**



मेघनाथ दाहाल

वार्षिक... *(दुई पेजमा)*



अभिनेता जितु नेपालको निर्माणमा बनेको चलचित्र "आइ एम जित बहादुर"को ट्रेलर सार्वजनिक गरिएको छ। आगामी असार ५ गतेदेखि देशभर प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्रको ट्रेलर ओएसआर डिजिटलको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो। काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममा सार्वजनिक गरिएको ट्रेलरले गाउँबाट सपना बोकेर शहर आएका एक युवाले कलाकार बन्ने क्रममा भोग्नुपरेका संघर्ष, चुनौती र यात्रालाई भावनात्मक ढंगले प्रस्तुत गरेको छ।

❒ वर्ष ३१ ❒ अंक ३०४ ❒ २०८३ जेठ १९ गते मंगलबार 2 June 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## बुटवलमा काँग्रेसको 'जरा अभियान'

# 'प्रधानमन्त्रीको अभिव्यक्ति राष्ट्रहितविपरीत छ, जनतासँग माफी माग्नुपर्छ'

**हाम्रा संवाददाता**

**बुटवल,** जेठ १८/नेपाली काँग्रेसका सभापति गगनकुमार थापाले प्रधानमन्त्री बालेन्द्र शाहले आफ्नो अभिव्यक्तिबारे नेपाली जनतासँग माफि माग्नुपर्ने बताएका छन् । सोमबारदेखि बुटवलमा सुरु भएको नेपाली कांग्रेसको लुम्बिनी प्रदेशस्तरीय 'जरा अभियान'लाई सम्बोधन गर्दै सभापति थापाले प्रधानमन्त्रीको प्रमाणविपरीत अभिव्यक्ति अत्यन्त खेदजनक, गैरजिम्मेवार र राष्ट्रहितविपरीत भएकाले जनतासँग माफी माग्नुपर्ने बताएका हुन् ।

उनले सीमावर्ती क्षेत्रमा हुने अतिक्रमण, 'क्रस बोर्डर अकुपेसन' र विवादका विषयमा तथ्य-प्रमाणबिनै प्रधानमन्त्रीले बोलेको भन्दै यसलाई 'आपत्तिजनक, चिन्ताजनक र देशद्रोही प्रवृत्ति' भनेका छन् । "तथ्य, प्रमाण र दस्तावेजबिना प्रधानमन्त्रीले यस्तो बोल्नु राष्ट्रहितविपरीत छ," सभापति थापाले भने, "२०७४ सालमा सबै दल मिलेर संसदबाट एकमतले पारित गरेको नेपालको नक्सा र त्यसका आधारहरूलाई नजरअन्दाज गरिनु देशद्रोही प्रवृत्ति हो ।" प्रधानमन्त्रीको यस्तो गैरजिम्मेवारपूर्ण कदमले नेपालीको शिर निहुराएको र राष्ट्रिय अखण्डतालाई खण्डित गर्ने दुष्प्रयास गरेको आरोप पनि उनले लगाएर सभापति थापाले यो 'राष्ट्रिय लज्जाको विषय' भन्दै प्रधानमन्त्रीले तत्काल संसद्मा उपस्थित भएर आफ्नो गल्ती स्वीकार गरी जनतासँग माफी माग्नुपर्ने बताए । नेपालको भूमि, सीमा र राष्ट्रिय स्वाधीनतासम्बन्धी विषय कुनै दल, सरकार वा व्यक्तिको मात्र सरोकारको विषय नभई सम्पूर्ण नेपाली जनताको साझा राष्ट्रिय संकल्प रहेको उनको भनाइ छ । नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पनि प्रधामन्त्रीले सीमासम्बन्धी दिएको अभिव्यक्ति गम्भीर र आपत्तिजनक भएको बताए । उनले आफ्नै देशको संसद्रुमा उभिएर मेरो देशले छिमेकीको सीमा मिचिएको छ भन्ने प्रधानमन्त्री बालेन एक्लो भएको पनि टिप्पणी गरेका छन् । "प्रधानमन्त्रीको अभिव्यक्ति गम्भीर र आपत्तिजनक छ,"उनले भने, "संसारको एकमात्र प्रधानमन्त्री जो देशको संसद्मा उभिएर भन्दैछ- मेरो देशले छिमेकीको सिमा मिचेको छ , यस्को मतलब के अब हिसाब बराबर हो ?"उपसभापति शर्माले प्रधानमन्त्री शाहलाई बोल्नु अगाडि दर्जनौं पटक सोच्न समेत आग्रह गरे । उनले संवेदनशील कूटनीतिका प्रश्नमा प्रधानमन्त्री संयम र परिपक्व हुन जरुरी रहेको बताए ।*(... बाँकी अन्तिम पेजमा)*




## सक्षिप्त समाचार

### हान्वा प्लान्टमा विस्फोट, ५ को मृत्यु

**(रासस/एएफपी)**

**सियोल,** जेठ १८/ दक्षिण कोरियाको प्रमुख रक्षा तथा एयरोस्पेस कम्पनी हान्वा एयरोस्पेसको प्लान्टमा सोमबार भएको शक्तिशाली विस्फोटमा कम्तीमा पाँच जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । उन्नत हतियार प्रविधि र अन्तरिक्षसम्बन्धी प्रणालीमा काम गर्ने संवेदनशील औद्योगिक केन्द्रमा भएको घटनापछि आगो नियन्त्रण र क्षतिको वास्तविक अवस्था मूल्याङ्कन गर्ने प्रयास जारी रहेको अधिकारीहरूले बताएका छन् । सियोलबाट करिब १५० किलोमिटर दक्षिणमा रहेको डेजियोनस्थित हान्वा एयरोस्पेस प्लान्टमा स्थानीय समयअनुसार बिहान ११ बजे विस्फोट भएको सूचना आपत्कालीन सेवाले प्राप्त गरेको थियो । घटनालगत्तै अग्निनियन्त्रक र उद्धार टोलीहरू घटनास्थलमा परिचालित भएका थिए । डेजियोन फायर हेडक्वार्टरका एक प्रतिनिधिले विस्फोटमा पाँच जनाको मृत्यु भएको पुष्टि गरे । स्थानीय समाचार एजेन्सी योन्हापसँग कुरा गरेका अधिकारीहरूका अनुसार विस्फोट कारखानाभित्रै भएको अनुमान गरिएको छ । तर विस्फोट कसरी भयो, कुन क्षेत्रमा सुरु भयो र त्यसको प्राविधिक कारण के थियो भन्ने विषयमा अनुसन्धान जारी छ । हान्वा एयरोस्पेस दक्षिण कोरियाको प्रमुख रक्षा उत्पादक कम्पनीमध्ये एक हो ।

## टिप्परको ठक्करबाट बाबुछोराको मृत्यु




**दाङ,** जेठ १८/यहाँको तुलसीपुरमा टिपरको ठक्करबाट दुई जनाको मृत्यु भएकबे छ । मृत्यु हुनेमा लमही नगरपालिका-५ निवासी ३५ वर्षीय मनोज नेपाली र उनका पाँच वर्षीय छोरा मीनराज नेपाली रहेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख प्रहरी नायब उपरीक्षक होमराज पराजुलीले जानकारी दिए ।

सोही घटनामा परेर मृतककी श्रीमती ३४ वर्षीया अमृता नेपाली घाइते भएकी छन् । सोमबार बिहान ६:०० बजे तुलसीपुरको गुल्म चोकमा रा १ ख २१९२ नम्बरको टिप्परले विपरीत दिशातर्फ गइरहेको रा ४प ३३९० नंको मोटरसाइकललाई ठक्कर दिँदा गम्भीर घाइते भएका दुवै जनाको उपचारका क्रममा शिक्षण अस्पताल कोहलपुरमा मृत्यु भएको हो । प्रहरी नायब उपरीक्षक पराजुलीका अनुसार घाइते अमृताको सोही अस्पतालमा उपचार भइरहेको छ । ठक्कर दिने टिपर चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको छ । ***---रासस***

## विभिन्न ठाउँमा भएका छुट्टाछुट्टै घटनामा ८ जनाको मृत्यु



**पाल्पा,** जेठ १८/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै दुर्घटनामा ८ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार विभिन्न जिल्लामा भएका सवारी दुर्घटनाबाट दुई जना, डुवेर तीन जना, बेवारिसे अवस्थामा तीन जनाको शव फेला परेको हो ।

कपिलवस्तुको महाराजगंज नगरपालिका-६ स्थित सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । तौलिहवा बहादुरगंजबाट तौलिहवातर्फ जाँदै गरेको लु. ३६ प १९९४ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ५० वर्षीया सबिता रैदासको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएकी उनको जिल्ला अस्पताल कपिलवस्तुमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले हाल फरार मोटरसाइकल चालकको खोजी गरिरहेको छ । यस्तै कास्कीको पोखरा महानगरपालिका-८ न्युरोड महानगरपालिका अगाडि सडकमा स्कुटर र मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । ग. १० प ८१४० नम्बरको स्कुटर र ग. १८ प ९८८१ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा स्कुटरमा सवार सोही महानगरपालिका-२६ माझठाना बस्ने १७ वर्षीय सिजन तिवारीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मणिपाल शिक्षण अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ***-बाँकी अन्तिम पेजमा...***

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# प्रधानमन्त्रीको अभिव्यक्तिले उब्जाएको विवाद

प्रधानमन्त्री वालेन्द्र शाहले आइतबार प्रतिनिधिसभामा दिएको नेपाल–भारत सीमासम्बन्धी अभिव्यक्ति विवादमा तानिएको छ । लिम्पियाधुरा, लिपुलेक र कालापानीबारे सांसदहरूले उठाएको प्रश्नको जवाफ दिने क्रममा उनले नेपालले पनि धेरै ठाउँमा भारतीय भूमि मिचेको अभिव्यक्ति दिएका हुन् । प्रधानमन्त्री शाहको यो अभिव्यक्तिलाई लिएर संसद्भित्र र बाहिर आलोचना तथा विरोध भएको छ । उक्त अभिव्यक्ति राष्ट्रविरोधी भएको भन्दै राजनीतिक दल, सीमाविद्, नागरिक समाज र सर्वसाधारणले पनि असन्तुष्टि जनाएका छन् ।

'नेपालले पनि भारतको जग्गा मिचेको रहेछ' भन्ने अभिव्यक्ति सामान्य प्रशासनिक टिप्पणी मात्र होइन, राष्ट्रिय सीमा र भू–भागसँग सम्बन्धित अत्यन्त संवेदनशील विषय हो । यस्तो अभिव्यक्तिले तथ्यगत, राजनीतिक र कूटनीतिक रूपमा दूरगामी प्रभाव पार्न सक्छ । अझ संसद्जस्तो सर्वोच्च राजनीतिक मञ्चबाट यस्तो कुरा आउँदा त्यसको अर्थ र सन्देश थप गम्भीर बन्छ । नेपालले विगतदेखि नै लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो भूमि भएको दाबी गर्दै आएको छ । नेपाल सरकारले ऐतिहासिक नक्सा, सन्धि र प्रमाणका आधारमा आफ्नो दाबी प्रस्तुत गरेको छ । संसद्ले पारित गरेको नक्सा र संविधान संशोधनले पनि यही अडानलाई संस्थागत गरेको छ । यस्तो अवस्थामा प्रधानमन्त्रीको अभिव्यक्तिले नेपालकै स्थापित राष्ट्रिय धारणा कमजोर बनाउने जोखिम पैदा गरेको छ । यदि वास्तवमै सीमा निर्धारणका क्रममा कुनै प्राविधिक वा ऐतिहासिक जटिलता छन् भने त्यसलाई सम्बन्धित प्राविधिक समिति, परराष्ट्र संयन्त्र र कूटनीतिक च्यानलमार्फत अध्ययन र छलफलको विषय बनाउन सकिन्छ । तर त्यसबारे पर्याप्त तथ्य सार्वजनिक नगरी संसद्मा नै नेपालले भारतको भूमि मिचेको दाबी गर्नु धेरैको नजरमा अपरिपक्व र असावधान अभिव्यक्ति बनेको छ । राष्ट्रिय हितसँग जोडिएका विषयमा सरकारको प्रमुखबाट यस्ता विवादित अभिव्यक्तिहरु आउनु गलत हो । प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर उत्पन्न विवाद कुनै एक व्यक्तिको विषय मात्र होइन, यो सार्वजनिक नेतृत्व, अभिव्यक्ति स्वतन्त्रता, राष्ट्रियता र उत्तरदायित्वबीचको सन्तुलनको प्रश्न हो । लोकतन्त्रमा बोल्ने अधिकार महत्वपूर्ण छ, तर त्यो अधिकारको प्रभाव अझ महत्वपूर्ण हुन्छ । त्यसैले सार्वजनिक पदमा रहेका व्यक्तिले आफ्ना शब्दको सामाजिक र संस्थागत प्रभावलाई ध्यानमा राख्दै जिम्मेवार अभिव्यक्ति दिनु आजको आवश्यकता हो । तसर्थ प्रधानमन्त्रीले संसदमा दिएको राष्ट्रहित विपरितको अभिव्यक्ति सच्याउन जरुरी छ ।

## Opinion @ Social Network

सपना पूरा गर्न चाहाना मात्र होइन,
निरन्तर प्रयास र धैर्य पनि आवश्यक हुन्छ ।
*(रोशन खाम्चाको फेसबुक स्टाटसबाट www.facebook.com/Roshan.Khamcha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वार्षिक बजेट र जनताका आशा–भरोसा



## मेघनाथ दाहाल

*सरकार भने करका दरहरूको परिवर्तन तथा दायित्व बढेको भन्ने भावमा देखिने गरेको छ । समयसापेक्ष बजेट बनाउन आउन सकेको छैन । आर्थिक सर्वेक्षणमा देखिएका धेरै तथ्यांकले नेपालले धेरैजसो पूर्वाधारका गतिविधिमा फड्को मारेको देखिन्छ । युवा साक्षरता दर ९४ प्रतिशत, आधारभूत खानेपानीको वितरणको हकमा ९७ प्रतिशत पुगेको तथा सामाजिक क्षेत्रमा नेपालीहरूको स्तर माथि गएको देखिन्छ । आगामी वर्षको आर्थिक वृद्धिदर ३ दशमलव ४ प्रतिशतमा मात्र सीमित रहने देखिएको छ । यो समग्र दक्षिण एशियाली मुलुकहरूको दाँजोमा कमजोर अवस्था हो । साधारण खर्चको हकमा सरकार चापको अवस्थामा छ । तीन तहको सरकार सञ्चालनका लागि तयार पारिएको प्रशासनिक संयन्त्र केही हदसम्म साधारण खर्चको वृद्धिको एक कारक हो । गणतान्त्रिक समयदेखि बढेको सामाजिक सुरक्षाको रकम सरकारका लागि बोझिलो बन्न थालेको छ । यो रकम १ खर्ब २० अर्बभन्दा माथि गएको छ ।*

संवैधानिक व्यवस्था अनुरूप जेठ १५ गते रास्वपाका तर्फबाट अर्थमन्त्री स्वर्णिम वाग्लेले संसद्को दुवं सद्नमा आउँदो आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्नुभएको छ । कूल रकम २१ खर्ब, २४ अर्ब ३४ करोडको रहेको बजेटको साधारण खर्चको हिस्सा १२ खर्ब ७० अर्ब छ । यो कूल बजेटको ६० प्रतिशत छ । त्यसैगरी पुंजीगत खर्चको हिस्सा ४ खर्ब ३१ अर्ब र वित्तीय व्यवस्थापनमा ४ खर्ब २२ अर्ब विनियोजन गरिएको छ । पुंजीगत र वित्तीय व्यवस्थापन दुवैको खर्च २० प्रतिशत रहएको देखिन्छ । यसरी बनाइएको बजेटको स्रोतको जोहो आन्तरिक राजस्व परिचालनको हिस्सा १४ खर्ब ५ अर्ब, वैदेशिक अनुदान ६१ अर्ब र आन्तरिक तथा बाह्य ऋणको हिस्सा क्रमशः ४१९ अर्ब र २४७ अर्ब छ । चालु आर्थिक वर्षको भन्दा बढी रकमको देखिएको बजेटको कार्यान्वयन पक्ष कत्तिको सफल रहन्छ सोको आधारमा मात्र यसले लिएका लक्षित उद्देश्य तथा प्राथमिकता बारेमा टिप्पणी गर्न सकिन्छ । किनभने नेपालको हकमा बजेटमा व्यवस्था भएका विषय नराम्रा देखिँदैनन् तर कार्यान्वयनमा जाँदा धेरै सामना गर्नुपरेको दृष्टान्त देखिएका छन् । अत्यन्तै विषम परिवेशमा विशेष कारणले बनेको अन्तरिम सरकारले गरेको आमनिर्वाचनमार्फत बनेको हालको सरकारमाथि जनताहरूको आशाभरोसाका थुप्रो अचाक्ली छ, यो भोलि पनि रहने देखिन्छ ।

राजनीतिक रूपमा जसरी नेपालले धेरै काम गरेको देखियो तर आर्थिक, सामाजिक रूपमा आशातीत सफलता हासिल नभएकाले आममानिसमा सरकारप्रति यसै वैराग्य बढेर गयो । ठूलो संख्यामा भएको आन्तरिक बसाइँसराइ, युवाहरूबीचमा रोजगार, आयआर्जनको अभाव, सामाजिक र सांस्कृतिक विचलन समाजले भोग्नथाल्यो । आममानिसले बजेटले आर्थिक, सामाजिक क्षेत्रमा संरचनात्मक साहासिक काम गर्नेमा ठूलो भरोसा गरेका थिए तर धेरै विषयमा तुषारापात गरिदिएको देखिन्छ । वार्षिक बजेटलाई आममानिस र सरकारमा बस्नेहरूले फरक किसिमले लिने गरेको पाइन्छ । आममानिसको बुझाइ सरकारी कर्मचारीको तलब बढ्नाले महँगीमाथि जाने बुझाइ छ । सरकार भने करका दरहरूको परिवर्तन तथा दायित्व बढेको भन्ने भावमा देखिने गरेको छ । समयसापेक्ष बजेट बनाउन आउन सकेको छैन । आर्थिक सर्वेक्षणमा देखिएका धेरै तथ्यांकले नेपालले धेरैजसो पूर्वाधारका गतिविधिमा फड्को मारेको देखिन्छ । युवा साक्षरता दर ९४ प्रतिशत, आधारभूत खानेपानीको वितरणको हकमा ९७ प्रतिशत पुगेको तथा सामाजिक क्षेत्रमा नेपालीहरूको स्तर माथि गएको देखिन्छ । आगामी वर्षको आर्थिक वृद्धिदर ३ दशमलव ४ प्रतिशतमा मात्र सीमित रहने देखिएको छ । यो समग्र दक्षिण एशियाली मुलुकहरूको दाँजोमा कमजोर अवस्था हो । साधारण खर्चको हकमा सरकार चापको अवस्थामा छ । तीन तहको सरकार सञ्चालनका लागि तयार पारिएको प्रशासनिक संयन्त्र केही हदसम्म साधारण खर्चको वृद्धिको एक कारक हो । गणतान्त्रिक समयदेखि बढेको सामाजिक सुरक्षाको रकम सरकारका लागि बोझिलो बन्न थालेको छ । यो रकम १ खर्ब २० अर्बभन्दा माथि गएको छ । तीन वर्षदेखि बढ्न नसकेको सरकारी बेतनधारीहरूको सेवाशर्त सुविधामा सम्बोधन गरेको छ । यसले सरकारको व्यभारमा वृद्धि गरेको छ । तर, पुंजीगत खर्चमा गर्न नसकिएको सुधारले राजस्व परिचालनमा सहज अवस्था छैन । सरकारले आन्तरिक उत्पादनलाई बढावा गर्ने उद्देश्यले करका दरहरूमा परिवर्तन गरेको छ तर भारतसँगको आर्थिक तथा व्यावसायिक सम्बन्धमा पार्नसक्ने दूरगामी असरका बारेमा सजग हुन जरुरी छ । आन्तरिक रूपमा उद्योग तथा कलकारखानाको विस्तार यथोचित नभए सानातिना उपभाक्तले दैनिक जीवनमा प्रयोग गर्नेदेखि पुंजीगत वस्तुमा आयातमा भर पर्नुपर्ने बाध्यात्मक अवस्थामा कमी भएको छैन । नेपालको सबै खालको वैदेशिक व्यापाको मार्ग भारतसँग जोडिएको र आजको दिनमा ५५/५६ प्रतिशत व्यापार भारतसँगै भइरहेको अवस्था छ । नेपालको प्रमुख माग आर्थिक वृद्धि तथा व्यावसायिक रूपमा संरचनात्मक परिवर्तन नै हो । नीतिगत केही काम नगरी नहुने देखिएको छ भने व्यावहारिक रूपमा सुरु गरिहाल्नुपर्नेछ । बजेटमा केही नीतिगत पक्षमा गरेको परिवर्तनले निजी क्षेत्र सकारात्मक देखिएको छ । कार्यान्वयनमा जानसके करको एकद्वार पद्धति र कच्चा पदार्थको रूपमा आयात गर्नुपर्ने सयौंको संख्यामा कर कटौतीले उत्पादनलाई बढावा गर्ने उद्देश्य राखिएको देखिन्छ तर सफलता सरकारकै कामकारबाहीमा भर पर्नेछ । अन्तःशुल्कको हकमा गरिको सहज अवस्था व्यावसायिकताको लागि नराम्रो भन्न सकिँदैन तर नियमनको आवश्यकता भने पर्दछ । उद्यमीहरूको हकमा बजेट नराम्रो देखिँदैन तर सरकारले उनीहरूमा विश्वासको वातावरण सिर्जना गर्न सक्नुपर्छ । बजेटले आयकरको सीमा वार्षिक पाँच लाखलाई बढाएर दश लाख बनाएको छ । व्यक्तिको खर्च योग्य आम्दानीको वृद्धिले समग्र विस्तार गर्नमा सहयोगी हुनेछ । उपभोक्ताको आयको साथमा सरकारले विश्वासको वातावरण बनाउनुपर्दछ । बजेटले उच्चमध्यम वर्गको आयमा लाग्दै आएको आयकरको माथिल्लो सीमालाई दश प्रतिशतले कमी गरेको छ । उपभोक्ताले करमा पाएको छुटबाट बचत भएको रकम कुन क्षेत्रमा लगानीका लागि तत्पर रहन्छ, उक्त वातावरणको सिर्जना सरकारको नीतिगत परिवर्तनबाट ल्याउन सक्नुपर्ने हुन्छ । बजेटले निजी क्षेत्र खुशी पार्न सफल भएको छ । सरकारको यसभित्रको निहित उद्देश्य भनेको बैंक, वित्तीय संस्थामा रहेको खर्बौंका लगानीयोग्य रकमको परिचालनसँगै लगानी मागमा विस्तार हो । सरकारले धेरै वस्तु तथा सेवाहरूको उत्पादनमा आवश्यक कच्चा पदार्थमा लाग्दै आएको भन्सार दरलाई हटाएको छ । औद्योगिकीकरणको सहयोगमा उपलब्ध प्राकृतिक मानवीय, वित्तीय स्रोतसाधनको उत्पादनमुखी उपयोगमा सरकारको ध्यान जानु राम्रो विषय हो ।

बेरोजगारीको भयावह अवस्थामा औद्योगिकीकरणको विस्तारले केही हदसम्म काम गर्नेछ तर विचारणीय पक्ष हालको अवस्थामा कच्चा पदार्थमाथिको भन्सार दर हटाउने विषयले मात्र लगानीमा विस्तार ल्याउन सक्ला ? अलावा अन्य धेरै राजनीतिक सामाजिक तथा लगानी सुरक्षाको ग्यारेन्टीजस्ता विषय संलग्न हुन्छन् । पूर्वाधार खासमा जमिनमाथि बाध्यताबस गर्नुपर्ने ठूलो रकमको लगानीले उत्पादनमुखी काममा विस्तार हुनसकेको छैन । सरकारी कर्मचारीलाई केही राहतको अनुभूति गराएको यस बजेटले समग्र मागमा विस्तार गराउने र साथमा साप्ताहिक दुईदिने बिदाको सदुपयोगले आन्तरिक पर्यटनको विस्तारमा सहयोग पुग्ने विश्वास छ । पूर्वाधार, डिजिटल तथा नयाँ अर्थतन्त्रको आधारशिला निर्माणको थालनीमा बजेटले सुरुवात गरेको छ तर स्रोतको जोहो गर्ने क्रममा केही समस्या छन् । पुंजीगत रकमको समयमै खर्च कसरी गर्नेमा सरकार स्पष्ट देखिएन । लक्षित आर्थिक वृद्धिका लागि अर्थतन्त्रको कुन क्षेत्र र के-कस्ता रणनीतिक पक्ष विशेष प्राथमिकतामा राख्ने भन्नेमा सरकारको अस्पष्टता छ । मुलुकमा व्याप्त २० प्रतिशतको निरपेक्ष गरिबी तथा प्रदेश अनुसार फरक-फरक मधेस एवं कर्णालीको हकमा नराम्रोसँग जरा गाडेर बसेको बहुपक्षीय गरिबीको बारेमा बजेटले केही बोलेको देखिएन । आखिर राज्य संयन्त्र सबैको अन्तिम अभिभावक हो भन्नेमा सरकारको अलमल देखियो । मध्यम वर्गको उत्थानका कारण सिर्जना हुने सकारात्मक प्रतिफल सहज रूपमा समाजको तल्लो तहका जनतामाझ जान्छ भन्ने सरकारको बुझाइ हुनसक्छ तर यसले मात्र पुग्दैन । बजेटको प्रस्तुतिपश्चात् गरिबहरूले रास्वपालाई मत दिएका थिए भन्ने कुरा भइरहेको छ । रास्वपाको आमनिर्वाचनको घोषणापत्र, १०० बुँदे प्रतिबद्धता, अर्को १०० बुँदासँगै आएको बजेटले वैदेशिक अनुदानमात्र ६१ अर्ब राख्नुले कतै आर्थिक कूटनीतिमा समस्या त छैन ? भन्ने विषय बाहिर आएको छ । बजेट आकारमा ठूलो भएका कारण मुद्रास्फीति दर सरकारले अनुमान गरेको सात प्रतिशत भन्दा माथि जानसक्ने सम्भावना देखिन्छ । नेपालको आर्थिक समग्र सूचक भारतीय अर्थतन्त्रसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएको र पछिल्लो समय विश्व परिवेशमा देखापरेको असमान्य अवस्थामा के कसरी बाहिर आउन सकिन्छ भन्नेमा सरकार अनभिज्ञ रहनुलाई राम्रो मान्न सकिँदैन । कार्यान्वयन पक्ष सबल रहेमा सरकार लक्ष्यनजिक नजाला भन्न सकिँदैन तर मुलुकको वस्तुगत अवस्थासँग अर्थमन्त्री साक्षात्कार भएको जस्तो बजेटले देखाएको छैन ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कसैको प्रेरणाले लक्ष्य तय गर्न सकिनेछ। भविष्यप्रति आशावादी बनाउनेछ। | **तुला** : प्रतिभा उजागर गर्ने अवसर आउने छ। सिर्जनात्मक सोचले ध्यान खिच्न सक्छ। |
| **वृष** : जिम्मेवारीले केन्द्रमा ल्याउन सक्छ। अपेक्षा पूरा गर्नुपर्ने अवस्था बन्नेछ। | **वृश्चिक** : घर सम्बन्धित विषयले प्राथमिकता पाउने छ। पुराना कुराले मन छुने छ। |
| **मिथुन** : सोचाइमा परिवर्तन आउन सक्छ। अध्ययन वा ज्ञानवर्द्धक कुरामा रुचि बढ्नेछ। | **धनु** : भेटघाट र संवादको क्रम चल्न सक्छ। जिज्ञासाले नयाँ ढोका खोल्न सक्छ। |
| **कर्कट** : हतारको निर्णय पछि सच्याउनुपर्ने देखिन्छ। धैर्य र मौनता आजको बल बन्नेछ। | **मकर** : आर्थिक पक्षमा निर्णय लिन सकिनेछ। परिश्रमको महत्व स्पष्ट महसुस हुनेछ। |
| **सिंह** : सम्बन्धमा सन्तुलन कायम राख्दा सहजता बढ्नेछ। मनको अन्योल हट्ने छ। | **कुम्भ** : योजना बनाउन अनुकूल समय छ। आत्मविश्वासले निर्णय मजबुत बनाउनेछ। |
| **कन्या** : नियमितताले सन्तोषजनक परिणाम प्राप्त हुनेछ। स्वास्थ्यको बेवास्ता नगर्नुहोस्। | **मीन** : मन बढी आकर्षित हुन सक्छ। हतारबाट टाढा रहनु लाभदायक हुनेछ। |

## विज्ञान/सूचना प्रविधि

# एनभिडिया प्रोसेसरयुक्त विन्डोज कम्प्युटर सार्वजनिक हुँदै




आर्टिफिसियल इन्टेलिजेन्स चिप निर्माता कम्पनी एनभिडिया र प्रविधि क्षेत्रको अग्रणी संस्था माइक्रोसफ्टले आगामी हप्ता नयाँ विन्डोज कम्प्युटरहरू बजारमा ल्याउने तयारी गरेका छन् । विभिन्न व्यावसायिक स्रोतहरूलाई उद्धृत गर्दै अमेरिकी सञ्चारमाध्यम 'एक्सियोस' ले सार्वजनिक गरे अनुसार यी नयाँ कम्प्युटरहरूमा पहिलो पटक एनभिडियाको चिपलाई नै मुख्य प्रोसेसर (सीपीयु) को रूपमा प्रयोग गरिनेछ । एनभिडियाद्वारा सञ्चालित यी कम्प्युटरहरू माइक्रोसफ्टको आफ्नै 'सर्फेस' ब्रान्डका साथै डेल जस्ता अन्य स्थापित पीसी उत्पादक कम्पनीहरूबाट बजारमा उपलब्ध हुनेछन् । एनभिडियाले माइक्रोसफ्ट विन्डोज अपरेटिङ सिस्टम चलाउनका लागि 'आर्म' प्रविधिमा आधारित प्रोसेसर निर्माण गर्ने योजना सन् २०२३ देखि नै बनाउँदै आएको थियो । हाल विन्डोज ल्यापटपका लागि क्वालकमले आर्म-आधारित प्रोसेसर आपूर्ति गरिरहेको छ भने परम्परागत कम्प्युटर बजारमा इन्टेल र एएमडीको वर्चस्व रहँदै आएको छ । लामो समयदेखि ब्याट्री क्षमता बलियो भएका र कम ऊर्जा खपत गर्ने चिपहरूमा सिफ्ट हुने प्रयास गरिरहेको माइक्रोसफ्टका लागि यो साझेदारी रणनीतिक रूपमा महत्त्वपूर्ण मानिएको छ । यस क्षेत्रमा उसको मुख्य प्रतिस्पर्धी एप्पल निकै अगाडि देखिन्छ । जसले आफ्नै आन्तरिक चिपसेट प्रयोग गरेर यसै वर्षको मार्च महिनामा नवीनतम 'एम५-सिरिज' चिप भएका नयाँ म्याकबुकहरू बजारमा ल्याइसकेको छ । एप्पलको सोही ब्याट्री र कार्यक्षमताको अग्रतालाई टक्कर दिन माइक्रोसफ्टले एनभिडियासँग यो बलियो सहकार्य अघि बढाएको हो । यी नयाँ कम्प्युटरहरू ताइवानमा आयोजना हुने 'कम्प्युटिक्स' ट्रेड शो र स्यान फ्रान्सिस्कोको माइक्रोसफ्ट 'बिल्ड' डेभलपर कन्फरेन्समा औपचारिक रूपमा अनावरण गरिनेछन् । विन्डोज, एनभिडिया र आर्म कम्पनीको आधिकारिक सामाजिक सञ्जाल एकाउन्टहरूले ताइवानको राजधानी ताइपेईको लोकेसनसहित 'पीसीको नयाँ युग' को घोषणा गर्दै यसको सङ्केत दिइसकेका छन् । यसका साथै, माइक्रोसफ्टले यी कम्प्युटरहरूमा इन्टरनेट वा क्लडको सहायता बिना जटिल कार्यहरू गर्न सक्ने अत्याधुनिक एआई एजेन्ट सफ्टवेयर पनि पहिलो पटक समावेश गर्ने अपेक्षा गरिएको छ । ***-अनलाइनखबर डटकम***

# मोबाइल टाढा हुनासाथ बेचैनी हुन्छ ?



आजको समयमा स्मार्टफोन एउटा ग्याजेट मात्र नभएर हाम्रो दैनिक जीवनको महत्वपूर्ण हिस्सा बनिसकेको छ । बिहान उठेदेखि राति सुत्दासम्म धेरै मानिस निरन्तर फोनसँग जोडिएका हुन्छन् । काम, सामाजिक सञ्जाल, अनलाइन किनमेल, मनोरञ्जन, साथीभाइसँगको कुराकानीदेखि तनाव कम गर्नसम्म पनि स्मार्टफोन प्रयोग भइरहेको छ । तर फोन केही समयका लागि टाढा हुँदा बेचैनी, आत्तिने भावना वा खालीपन अनुभव हुने कहिल्यै महसुस गर्नुभएको छ ? मानसिक स्वास्थ्य विज्ञहरू यस अवस्थालाई 'स्मार्टफोन विड्रअल' भन्छन् । यो यस्तो अवस्था हो, जहाँ व्यक्तिले फोन प्रयोग गर्न नपाउँदा मानसिक र भावनात्मक असहजता महसुस गर्न थाल्छन् । विज्ञहरूका अनुसार अत्यधिक स्क्रिन टाइम र सामाजिक सञ्जालको लतले बिस्तारै मस्तिष्कलाई डिजिटल उत्तेजनाको बानी पार्न सक्छ, जसको असर निद्रा, ध्यान, मुड र मानसिक स्वास्थ्यमा पर्न सक्छ ।

**के हो स्मार्टफोन विड्रअल ?**

स्मार्टफोन विड्रअल भनेको फोनबाट टाढा हुँदा व्यक्तिमा देखिने मानसिक र भावनात्मक असहजता हो । यस्तो अवस्था फोनको ब्याट्री सकिँदा, इन्टरनेट बन्द हुँदा, यात्राका क्रममा नेटवर्क नहुँदा वा आफैँले स्क्रिन टाइम घटाउने प्रयास गर्दा देखिन सक्छ । हालसम्म स्मार्टफोन लतलाई औपचारिक मानसिक रोगका रूपमा वर्गीकृत गरिएको छैन । तर मनोवैज्ञानिकहरूका अनुसार अत्यधिक फोन निर्भरता विशेषगरी युवाहरूमा तीव्र रूपमा बढिरहेको छ । फोनले निरन्तर नोटिफिकेशन, लाइक, म्यासेज र मनोरञ्जनमार्फत मस्तिष्कलाई 'रिवार्ड' दिइरहन्छ, जसका कारण बारम्बार फोन हेर्ने बानी बस्न थाल्छ ।

- -नोटिफिकेशन नआए पनि पटक-पटक फोन चेक गर्नु
- -फोन नजिक नहुँदा चिन्ता वा बेचैनी महसुस हुनु
- -खाली समय पाउनासाथ तुरुन्त सामाजिक सञ्जाल खोल्नु
- -फोन टाढा राख्दा झर्को वा चिडचिडापन बढ्नु
- -पढाइ वा काममा ध्यान केन्द्रित गर्न गाह्रो हुनु
- -फोन भाइब्रेट नहुँदा पनि भएको जस्तो महसुस हुनु
- -रातिसम्म स्क्रिन हेर्दा निद्रामा समस्या आउनु

यस्ता बानीहरू लगातार बढ्दै गइरहेका छन् भने यसले डिजिटल बानीले मानसिक स्वास्थ्यमा असर पार्न थालेको संकेत दिन सक्छ ।

**मानसिक स्वास्थ्यमा कस्तो असर पर्छ ?**

धेरै अध्ययनहरूले अत्यधिक स्मार्टफोन प्रयोग चिन्ता, तनाव र ध्यान अभावजस्ता समस्यासँग सम्बन्धित हुन सक्ने देखाएका छन् । रातिसम्म स्क्रिन हेर्दा शरीरमा मेलाटोनिन हर्मोनको उत्पादन प्रभावित हुन्छ, जसले निद्राको चक्र बिगार्न सक्छ । यसका साथै लगातार डिजिटल सामग्री हेर्दा मस्तिष्कलाई शान्त वातावरण वा निरसता सहन गाह्रो हुन थाल्छ । त्यसैले धेरै मानिस केही मिनेट खाली बस्नासाथ फोन उठाउने गर्छन् ।

**सामाजिक सञ्जालले किन समस्या बढाउँछ ?**

सामाजिक सञ्जाल प्लेटफर्महरू प्रयोगकर्तालाई लामो समयसम्म व्यस्त राख्ने गरी डिजाइन गरिएका हुन्छन् । अन्त्यहीन स्क्रोलिङ, लाइक, नोटिफिकेशन र छोटा भिडियोहरूले मस्तिष्कमा 'रिवार्ड साइकल' बनाउँछन् । यसले व्यक्तिलाई बारम्बार नयाँ सामग्री हेर्न र तुरुन्त सन्तुष्टि खोज्न प्रेरित गर्छ । यही बानी बिस्तारै बाध्यात्मक व्यवहारमा बदलिन सक्छ ।

**स्क्रिन टाइम घटाउँदा के फाइदा हुन्छ ?**

डाक्टरहरूका अनुसार फोन प्रयोग गर्ने बानीमा बिस्तारै परिवर्तन ल्याएर मानसिक स्वास्थ्य सुधार गर्न सकिन्छ । यसका लागि केही सजिला उपाय अपनाउन सकिन्छ:

- -सुत्नुभन्दा एक घण्टा अघि स्क्रिन बन्द गर्ने
- -अनावश्यक नोटिफिकेशन बन्द गर्ने
- -दिनभर साना-साना डिजिटल ब्रेक लिने एप प्रयोगको समय सीमा तय गर्ने
- -खाली समयमा किताब पढ्ने, हिँड्ने वा अफलाइन गतिविधि गर्ने ।

***-डिसी नेपाल डटकम***

# नेपालमा 'एआई कम्प्युट केन्द्र' स्थापना कति सम्भव ?



बालेन नेतृत्वको सरकारले आधुनिक प्रविधि र वित्तीय इन्जिनियरिङ केन्द्रित रहेर नेपाललाई आगामी दशकमा 'ज्ञानमा आधारित अर्थतन्त्र' का रूपमा स्थापित गर्ने घोषणा गऱ्यो । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसदमा आर्थिक वर्ष २०८३/८४ को बजेटमा मुख्यगरी एआई (कृत्रिम बुद्धिमत्ता), स्टार्टअप, नवप्रवर्तन र वैदेशिक मुद्राको रणनीतिक परिचालनलाई एकीकृत गर्ने योजना अगाडि बढाएका छन् । बजेटको बुँदा नं. १८ मा देशलाई एआईको युगमा प्रवेश गराउने हेतुले काठमाडौँको स्यूचाटारमा देशकै पहिलो 'सार्वभौम एआई कम्प्युट केन्द्र' स्थापना गर्ने र हजारौँ 'एआई प्रोसेसिङ युनिट' खरिद गर्ने घोषणा गरेका थिए । 'हजारौँ एआई प्रोसेसिङ युनिट खरिद गरी एआई उद्यमी र स्टार्टअपलाई सहुलियतपूर्ण कम्प्युटर क्षमता उपलब्ध गराउनेछौँ,' वाग्लेले भने । उनले स्वच्छ जलविद्युत् ऊर्जालाई उच्च मूल्यको एआई कम्प्युट सेवामा रूपान्तरण गर्ने प्रस्ताव गरे । नेपालको विद्यमान अपार ऊर्जा शक्तिलाई एआईको विकासमा प्रयोग गरी सीपयुक्त रोजगारी, डिजिटल निर्यात र एआईमा आधारित आर्थिक रूपान्तरणको जग निर्माण हुने विश्वास उनले लिएका छन् । तर अर्थमन्त्री वाग्लेको घोषणा महत्वाकांक्षी भएको त्रिचन्द्र क्याम्पसका अध्यापक तथा त्रिभुवन विश्वविद्यालयकका व्यावहारिक विज्ञान प्रविधि र अनुसन्धानकर्ता डाक्टर शंकर खतिवडाले बताए । नानो बायो प्रविधिका अनुसन्धान कर्ताकर्ता समेत रहेका खतिवडाले एआईको क्षेत्रमा छिमेकी मुलुक भारतले पनि नसकेको अवस्थामा नेपालमा सम्भव नभएको जिकिर गरे । 'एआईको क्षेत्रमा भारतले सकेको छैन । अहिले अमेरिका र चीनबिच मात्र प्रतिस्पर्धा देखिन्छ । नेपालको हकमा एआईसम्बन्धी आधाभूत कुरा सिकाएर जानुपर्छ । सरकारले आधाभूततर्फ ध्यान नदिई एकैपटक प्रतिफल लिनेतिर गएको देखियो,' उनले भने । विज्ञान, प्रविधि र नवप्रर्वनको क्षेत्रमा सरकारले छुट्याएको बजेट ठिक भए पनि मुख्य कुरा हाम्रो क्षमता के हो ? त्यसमा पहिचान गर्ने, अध्ययन अनुसन्धान गर्ने, भ्यालु एड गर्न प्रमाणीकरण गर्न सक्नुपर्ने खतिवडाको भनाइ छ । उनले भने, 'अवश्यक उपकरण, प्रविधि, नीति, जनशक्तिमा लगानी गर्नुपर्छ । त्यसतर्फ फोकस भएन । अघिल्ला सरकारले पनि विज्ञान प्रविधिको क्षेत्रमा बजेट छुट्याएको थियो तर मागन गए पाउँदैनौँ । अहिलेको सरकार पनि पहिलाकै पुनरावृत्ति देखियो ।'अर्थमन्त्री वाग्लेले एआई क्षेत्रमा अन्तर्राष्ट्रिय रूपमा ख्याति प्राप्त शोधकर्तालाई प्रतिष्ठित फेलोसिप प्रदान गर्नेगरी नेपाल फर्किन भनेका छन् । 'सरकारले आगामी आर्थिक वर्ष एआईको क्षेत्रमा अन्तर्राष्ट्रिय ख्याति बनाइरहेका कम्तीमा प्रन्ध जना नेपाली शोधकर्तालाई प्रतिष्ठित फेलोसीप प्रदान गरी नेपाल फर्केर योगदान गर्न आमन्त्रण गर्नेछौँ। एआईको युगमा महत्त्वपूर्ण भूमिका हुने गणितलगायत शैक्षिक विधालाई उच्च प्राथमिकता दिनेछौँ,' वाग्लेले घोषणा गरे । यस घोषणाले नेपालको शैक्षिक र अनुसन्धानको जग बलियो बनाउने, एआई केवल प्रविधि नभई रोजगारी सिर्जना र कार्यदक्षता बढाउने औजारका रूपमा सरकारले अगाडि सारेको देखिन्छ । कम्तीमा पन्जना नेपाली शोधकर्तालाई प्रतिष्ठित फेलोसीप प्रदान गरी नेपाल फर्काउने योजना पनि पुरानो नभइको खतिवडाले जिकिर गरे । 'यस विषयमा सरकारले सरोकारवालासँग पर्याप्त छलफल नै नगरी प्रधानमन्त्रीको सीमित टिमले गृहकार्य गरेको आधारमा गर्दैनन् । उनका टिमले गरेका आधारमा आएको छ । पहिला पनि फर्काउने अभियान थियो । तर फर्किएर आएकाहरूको बिजोग भएको छ,' खतिवडाले भने । अर्थमन्त्री वाग्लेले स्टार्टअफ साना तथा मझौला उद्योगलाई राष्ट्रिय उद्यम इकोसिस्टममा आबद्ध गर्ने प्लेटफर्मको रूपमा 'नेपाल इन्टरप्राईज फेसिलिटी' स्थापना गर्ने घोषणा गरेका थिए । अहिलेको विश्वमा डाटा र कम्प्युट पावर महँगा हुँदै गएको बेला सरकारले देशमा भएको प्रचुर जलविद्युत् उर्जालाई एआई फ्याक्ट्रीमा प्रयोग गरी उच्च मूल्यको 'डिजिटल सेवा' निर्यात गर्नेतर्फ केन्द्रित रहेको देखिन्छ । यसले नेपाललाई विश्वव्यापी एआई भ्यालु चेनमा जोड्न सक्ने लक्ष्य राखेको देखिन्छ । यसैगरी बजेटको बुँदा नं. २८ र ५७ ले स्टार्टअप र नवप्रवर्तनलाई देशको आर्थिक रूपान्तरणको मुख्य आधार मानेको छ । पर्याप्त पुँजी र स्पष्ट नीतिको अभावले नेपालमा स्टार्टअपहरू खुम्चिएका थिए । यसपटकको बजेटले यी समस्यालाई सम्बोधन गर्न खोजेको देखिन्छ । नेपाल इन्टरप्राइज फसिलिटी मार्फत ५० करोडको लगानी र विज्ञान/प्रविधिको लागि ४ अर्बको विनियोजनले नयाँ उद्यमीहरूलाई प्रोत्साहित गर्न खोजिएको देखिन्छ । सरकारले छुट्याएको बजेट स्वागतयोग्य नै भएको खतिवडाको भनाइ छ । सरकारका नीतिहरू सधैँ उत्कृष्ट भए पनि कार्यान्वयनको तह कमजोर देखिँदै आएको छ । स्टार्टअपका लागि बजेट विनियोजन भए पनि त्यसको कार्यविधि बन्नै महिनौँ लाग्ने र वास्तविक उद्यमीभन्दा 'पहुँचवाला' ले लाभ पाउने खतरा सधैँ रहने खतिवडाको बुझाइ छ । 'चार अर्ब रुपैयाँ एउटा क्षेत्रका लागि ठुलो देखिए पनि एआई जस्तो महँगो प्रविधिका लागि यो पर्याप्त नहुन सक्छ । पर्याप्त बजेट, जनशक्ति, स्पष्ट नीति नभएसम्म एआई फ्याक्ट्री नेपालमा खोल्न सम्भव छैन,' खतिवडाले भने । बजेटमा गरिएका यी तीन वटा मुख्य घोषणा (एआई, स्टार्टअप र रणनीतिक वित्तीय व्यवस्था) आपसमा अन्तरसम्बन्धित भएकाले कार्यान्वयनमा चुनौती देखिन्छ । खतिवडाका अनुसार एआईका लागि ऊर्जा र पुँजी, स्टार्टअपका लागि प्रविधि र बजार आवश्यक पर्छ ।

***-रातोपाटी डटकम***

> ***'सरकारले आगामी आर्थिक वर्ष एआईको क्षेत्रमा अन्तर्राष्ट्रिय ख्याति बनाइरहेका कम्तीमा पन्ध्रजना नेपाली शोधकर्तालाई प्रतिष्ठित फेलोसीप प्रदान गरी नेपाल फर्केर योगदान गर्न आमन्त्रण गर्नेछौँ। एआईको युगमा महत्त्वपूर्ण भूमिका हुने गणितलगायत शैक्षिक विधालाई उच्च प्राथमिकता दिनेछौँ,' वाग्लेले घोषणा गरे । यस घोषणाले नेपालको शैक्षिक र अनुसन्धानको जग बलियो बनाउने, एआई केवल प्रविधि नभई रोजगारी सिर्जना र कार्यदक्षता बढाउने औजारका रूपमा सरकारले अगाडि सारेको देखिन्छ ।'यस विषयमा सरकारले सरोकारवालासँग पर्याप्त छलफल नै नगरी प्रधानमन्त्रीको सीमित टिमले गृहकार्य गरेको आधारमा गर्दैनन् । उनका टिमले गरेका आधारमा आएको छ ।***

# सडकमै खाए, सडकमै रमाए




**पाल्पा,** जेठ १८/तानसेनबासीले सडक महोत्सवको अवसरमा सडकमै खाने, सडकमै गाउने र नाच्ने गरेर रमाएका छन् । तानसेनको भीमसेनटोलमा आयोजना गरिएको सडक खाना महोत्सवमा जिल्ला भित्र तथा बाहिरका पर्यटकहरुले सडकमै नाचगान सहित खाजाका परिकार खाएर सडक महोत्सव मनाए ।

गत शनिबार भीमसेन टोलविकास संस्थाको आयोजनामा भएको एक दिने सडक महोत्सवमा हजारौं दर्शक तथा पर्यटकको उल्लेख्य सहभागिता रहेको थियो । महोत्सवमा स्थानीय परिकार, सांस्कृतिक प्रस्तुति, हस्तकलाका सामग्री तथा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमले सहभागीलाई आकर्षित गरेका थिए । महोत्सवको मुख्य आकर्षणका रूपमा सडकमै सजाइएका खानाका स्टलहरू रहेका थिए । आगन्तुकहरूले स्थानीय स्वादका परिकारको स्वाद लिँदै सडकमै बसेर भोजन गरेका थिए । स्थानीय मौलिक खानाका परिकारहरू योमरी, हाँसको छोइला, बटुक , सेलरोटी, चुकाउनी लगायतका परिकारहरूका साथै स्थानीय कलाकारहरूद्वारा नेवारी नाँच, मगरी नाँच लाखे नाँच, लिलि घोडा नाँचबाट आन्तरिक तथा बाह्नय पर्यटकहरुलाई मनोरञ्जन प्रदान गरिएको थियो । टोल विकास संस्थाले हरेक वर्ष यहाँ सडक खाना महोत्सव गर्दै आएको छ । स्थानीय खानाको संरक्षण गर्ने, खानाको स्वाद आन्तरिक तथा बाह्नय पर्यटकलाई चखाउनुको साथै भीमसेनटोलमा सञ्चालन हुँदै आएका खुला वाचनालयलाई व्यवस्थित गर्दै, टोलको सरसफाई गर्नको लागि आवश्यक रकम जुटाउने उद्देश्यले सडक खाना महोत्सवको आयोजना गर्ने गरिएको संस्थाका अध्यक्ष प्रकाशनाथ गोंगलले जानकारी दिए । नारायणस्थान चोकदेखि, टुँडिखेलसम्म खाना स्टल राखिएका थिए । महोत्सवको एक कार्यक्रमकाबिच लुम्बिनी प्रदेशका प्रदेश सांसद तथा पूर्व मन्त्री वीर बहादुर रानाले उद्घाटन गरेका थिए । महोत्सवको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका सांसद रानाले तानसेनको कला, संस्कृति, खानपान र पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन महोत्सवले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

महोत्सवको लागि तानसेन नगरपालिका -६ वडा कार्यालयले समेत सहयोग गरेको थियो । कार्यक्रमा सामाजिक व्यक्तित्व शोभा शाक्य, पाल्पा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष रञ्जना अर्याल, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, तानसेन- ६ का वडा अध्यक्ष सागरमान महर्जन लगायतले महोत्सवले तानसेनको पर्यटन क्षेत्रको विकासमा महोत्वपूर्ण योगदान पुऱ्याउने बताए । संस्थाका अध्यक्ष प्रकाशनाथ गोङ्गलको अध्यक्षता, उपाध्यक्ष पुतली देवी शाक्य श्रेष्ठको स्वागत, कार्यक्रम संयोजक सुसन कुमार बज्राचार्यको धन्यवाद ज्ञापन, सचिव वीरेन्द्र काजी शाक्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## विभिन्न ठाउँमा भएका...

...दुर्घटनामा घाइते भएका स्कुटर चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै डुवेर दुई जनाको मृत्यु भएको छ । सिराहाको बरियारपट्टी गाउँपालिका-४ तेनवापट्टी बस्ने हेम प्रसाद यादवको छोरा १४ वर्षीय आदित्य यादवको आफ्नै घर नजिकै रहेको सार्वजनिक पोखरीमा डुबेर मृत्यु भएको हो । नुहाउने क्रममा डुबेर अशक्त भएका उनको प्रादेशिक अस्पताल लहानमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै सुनसरीको बराहक्षेत्र नगरपालिका-९ कौवाटोलस्थित कोशी नदीमा डुबेर रामधुनी नगरपालिका-७ बस्ने महेन्द्र राजधामीकी छोरी १६ वर्षीया सुमिना राजधामीको मृत्यु भएको छ । उता दाङको राजपुर गाउँपालिका-५ स्थित मतेनी खोलामा डुबेर लमही नगरपालिका-५ सुनखोली बस्ने मान बहादुर रानाकी ११ वर्षीया छोरी रेबिका रानाको आइतबार मृत्यु भएको छ । पौडी खेल्ने क्रममा डुबेर अशक्त भएकी उनको लमही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै तीन जनाको मृत अवस्थामा शव फेला परेको छ । बागलुङको बागलुङ नगरपालिका-१ मालढुङ्गास्थित कालीगण्डकी नदीमा पर्वत जलजला गाउँपालिका-७ धाईरिङ बस्ने ३० वर्षीय हरि प्रसाद आचार्य मृत अवस्थामा फेला परेका छन् । यस्तै सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ तामाङगाउँ बस्ने ३१ वर्षीय निमादोर्जे तामाङ सोही गाउँपालिका-२ लार्चाभीरस्थित बाटो नजिक मृत अवस्थामा फेला परेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै रौतहटको चन्द्रपुर नगरपालिका-६ तल्लो बजारस्थित तरकारी बजारमा गुजरा नगरपालिका-८ जुगौलिया बस्ने ५५ वर्षीय चुलाई माझी मृत अवस्थामा फेला परेका छन् ।

## बुटवलमा काँग्रेसको 'जरा अभियान'...

..."उहाँ (बालेन्द्र शाह) देशको प्रधानमन्त्री हो, बोल्नुअघि दर्जन पटक सोचेर बोल्नुपर्छ, अझ संवेदनशील कूटनीतिक प्रश्नमा संयम र परिपक्वता झनै जरुरी हुन्छ," शर्माले भने, "हामी जान्न चाहन्छौं- उहाँको शब्दले सरकार र रास्वपाको प्रतिनिधित्व गर्छ कि गर्दैन ?" कांग्रेस लुम्बिनी प्रदेश समितिको आयोजनामा भएको जरा अभियानमा सभापति थापा, उपसभापति शर्मा, महामन्त्री गुरू बराललगायतका नेताले सम्बोधन गरेका थिए । भेलामा लुम्बिनी प्रदेशका केन्द्रीय कार्यसमिति पदाधिकारी तथा सदस्य, प्रदेश कार्यसमिति पदाधिकारी, प्रदेश सरकारका मन्त्री तथा प्रदेशसभा सदस्य, १२ वटै जिल्लाका सभापति, जिल्ला समन्वय समिति प्रमुख-उपप्रमुख, पालिका प्रमुख-उपप्रमुख तथा अध्यक्ष-उपाध्यक्ष सहभागीता रहेको कांग्रेस प्रदेश उपसभापति भुवनप्रसाद श्रेष्ठले बताए । उनका अनुसार पार्टी संगठनलाई तल्लो तहसम्म थप सुदृढ बनाउने, नेतृत्व विकास तथा प्रशिक्षणलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरिएको भेला मंगलबार आजसम्म चल्नेछ ।प्रदेश सभापति अमर पुनको अध्यक्षतामा कार्यक्रम भइरहेको छ ।

खेलकुद समाचार

## गुजरातलाई हराउँदै बेङ्गलुरुले जित्यो उपाधि



**काठमाडौं,** जेठ १८/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटको उपाधि रोयल च्यालेन्जर्स बेङ्गलुरुले जितेको छ । बेङ्गलुरुले गुजरात टाइटन्सलाई ५ विकेटले हराएको हो । गुजरातले दिएको १ सय ६२ रनको लक्ष्य पछ्याएको बेङ्गलुरुले १८ ओभरमा ५ विकेट गुमाएर भेट्यायो । बेङ्गलुरुका विराट कोहलीले अविजित ७५ रन बनाए । गुजरातका रशिद खानले २ विकेट लिए । त्यसअघि अहमदाबादको नरेन्द्र मोदी रङ्गशालामा टस हारेर ब्याटिङ गरेको गुजरातले ८ विकेट गुमाएर १ सय ५५ रन बनाएको थियो । गुजरातका वासिङ्टन सुन्दरले अविजित ५० रन बनाए । बेङ्गलुरुका रसिक सलामले ३ तथा भुवनेश्वर कुमार र जोश हेजलवुडले समान २ विकेट लिए । योसँगै बेङ्गलुरुले लगातार दुई पटक आईपीएलको उपाधि जितेको छ । गुजरातले भने सन् २०२२ मा उपाधि जितेको थियो । आईपीएलको फाइनल खेल हेर्न जाने दर्शकका लागि आइतबार विशेष रेल सेवा समेत सञ्चालन गरिएको थियो । आईपीएल क्रिकेटमा १० वटा टोली सहभागी थिए ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचक घट्यो



**पाल्पा,** जेठ १८/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार २६ दशमलव ७२ अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २६ दशमलव ७२ अङ्कले ओरालो लागेर दुई हजार ७५५ दशमलव ३७ मा सिमित भएको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ७८ अङ्कले ओरालो लागेर ४७० दशमलव ७२ मा सिमित भएको छ । बजेट सार्वजनिक भएपछि खुलेको बजार चलायमान बन्नुका साथ सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिए पनि नेप्से सोमबार शून्य दशमलव ९६ प्रतिशतले घटेको हो । तीन सय ४९ कम्पनीको एक करोड ३३ लाख ८३ हजार ८१६ कित्ता शेयर रु पाँच अर्ब ६१ करोड ४३ लाख ७४ हजार ९२८ मूल्यमा किनबेच भएको छ । कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ । नेपाल पुनरबीमा कम्पनी, हिमालयन रिइन्स्योरेन्स, रिडी पावर कम्पनी र नेशनल हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा रहेका छन् । नेप्सेका अनुसार नेपाल पुनरबीमा कम्पनी, कालिञ्चोक हाइड्रोपावर, सिटिजन बैंकको डिवेञ्चर, सेन्ट्रल फाइनान्स र सिभिल बैंकको डिवेञ्चरका लगानीकर्ताले सोमबार कमाएका छन् । त्यस्तै, बुङ्गल हाइड्रोपावर, क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स, विशाल बजार कम्पनी, एनआइबिएल समृद्धि फण्ड दोस्रो र नेपाल रिपब्लिक मिडियाका लगानीकर्ताले सोमबार सर्वाधिक गुमाएका छन् । कूल १३ उपसमूहमध्ये सोमबार दुई उपसमूहको शेयर मूल्य मात्रै वृद्धि भएको छ भने ११ उपसमूहका घटेका छन् ।

## हार्दिक समवेदना



जन्म : वि.सं.२०१७/०३/१४ गते

स्व.शंकर मान सिंह

दिवंगत : वि.सं.२०८३/०२/०६ गते

तानसेन नगरपालिका वडा नं. ३ बसन्तपुर निवासी स्व. दशरथमान सिंहका कान्छा छोरा, भीमसेन सन्हाँ गुठीका कान्छा पाले गुठियार श्री धरणी मान सिंहका कान्छा भाई शंकर मान सिंहको ६६ वर्षको उमेरमा भएको असामयिक दुःखद् निधनमा हामी अत्यन्त मर्माहत भएका छौं । दुःखको यस घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति श्री ७ भीमसेन देवताले प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**श्री ७ भीमसेन सन्हाँ गुठी परिवार**
भीमसेनटोल, तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई